आज मिति २०८२/०७/२३ गते आईतवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

प्रस्तावहरु :

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा ।

२. सडक छुट्याउन रेखांकन गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

३. ज्यालादारीमा स्वीपर नियुक्त गर्ने सम्बन्धमा ।

४. योजना संचालन सम्बन्धमा ।

५. ज्यालादारीमा बारुण यन्त्र चालक नियुक्त गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा यस अधि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वयन भई रहेकोले निर्णय कार्यान्वयन संतोषजनक रहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका वडा नं. ८ ब्रहमदेव रायको घरदेखि गोइयाही जाने सडक कालो पत्र कार्यको लागि न्यूनतम ३० फीट र अधिकतम नक्सा अनुसारको सडक क्षेत्र छुट्याउन रेखांकन (Road Marking) कार्य गरी सडक क्षेत्रमा रहेका स्थायी/अस्थायी अतिक्रमण भएका जग्गा खाली गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको कार्यालय छेउमा रहेका चक्रघट्टा बजार क्षेत्रलाई सफा राख्नको लागि आ.व. २०८२।०८३ मा १ जना स्वीपरलाई महिनामा कम्तीमा १२ दिन सफा गराउने गरी दैनिक ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को तपसिलमा उल्लेखित पालिकास्तरीय योजना गाउँपालिका अध्यक्ष ज्यूको सिफारिशमा स्थान छनौट गरी उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

तपसिल :

१. स्यालो ट्यूबवेल जडान

२. चक्रघट्टा गाउँपालिकामा समर्सिवल बोरिङ जडान कार्य

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको नाउँमा हस्तान्तरण भएको बारुण यन्त्र संचालनका लागि बारुण यन्त्रसाथ पठाइएका चालक शत्रुधन राय र लाल कुमार रायलाई अर्को व्यवस्था नभएसम्मको लागि दैनिक ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।